# स्थानीय बाली परियोजना*

## छिप्रा, हुम्ला



## परिचय

नेपाल एक पर्वतीय देश हो । विश्वमा रहेका यस्ता देशहरू जलवायु परिवर्तनसँगै हावापानीमा आउने विभिन्न परिवर्तनका कारण उच्च जोखिममा छन् । यसैको परिणामस्वरूप बाली उत्पादनमा विभिन्न असर पर्नाका साथै महत्वपूर्ण कृषि जैविक विविधताहरू लोपोन्मुख अवस्थामा छन् । बदलिँदो वातावरणीय अवस्थासँग जुध्न स्थानीय जातहरू र तिनमा भएका सुक्खा सहने, रोगकिरा सहनेजस्ता गुणहरूका कारण महत्वपूर्ण हुन्छन् । वातावरण अनुसारका जातहरूको विकासका लागि पनि स्थानीय कृषि जैविक विविधताको महत्वपूर्ण भूमिका रहन्छ । उक्त बालीहरूमा भएका विविधता नेपालका लागि मात्र नभई विश्वकै लागि महत्वपूर्ण विविधतामा पर्दछन् । हालसम्मको तथ्याङ्कलाई हेर्ने हो भने यस्ता उच्च पर्वतीय क्षेत्रका बालीहरूको प्रवर्द्धनका लागि पर्याप्त अनुसन्धान गरिएको पाइँदैन ।

* Integrating Traditional Crop Genetic Diversity into Technology:Using a Biodiversity Portfolio Approach to Buffer against Unpredictable Environmental Change in the Nepal Himalayas

तसर्थ सन् २०१३ (वि.सं. २०७१) देखि विश्व वातावरणीय सहजता (Global Environment Faciltiy-GEF) मार्फत संयुक्त राष्ट्रसङ्घीय वातवरणीय कार्यक्रम (UNEP) को आर्थिक सहयोगमा उच्च पर्वतीय क्षेत्रको खाद्य सुरक्षाका लागि नेपालका हुम्ला, जुम्ला, लमजुङ र दोलखा गरी चार जिल्लाहरूमा स्थानीय बाली विविधतामार्फत जलवायु अनुकूलित प्रविधि विकास र विस्तारका लागि अनुसन्धानमूलक परियोजना 'स्थानीय बाली परियोजना' को सुरूवात भएको छ । बायोभर्सिटी इन्टरनेशनल, कृषि विभाग (DoA) र यसअन्तर्गत सञ्चालित जिल्लाका कृषि कार्यालयहरू, नेपाल कृषि अनुसन्धान परिषद् (NARC) अन्तर्गत राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (Genebank) र जिल्लाहरूमा सञ्चालित अनुसन्धान केन्द्र/कार्यक्रमहरू र जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) यस परियोजनाको साझेदार सङ्घ-संस्थाहरू हुन् ।

## लक्ष्य

यस परियोजनाको मुख्य लक्ष्य नेपालका उच्च पहाडी क्षेत्रहरूको वातावरणीय विविधता तथा विषम हावापानी, कृषिप्रणलीमा पाइने र खाद्यसुरक्षाको आधार मानिने विश्वभरिकै उच्च पहाडी क्षेत्रहरूको महत्वपूर्ण बालीहरूका जैविक विविधता सरंक्षणमा टेवा पुऱ्याउने रहेको छ ।

## उद्देश्य र लक्षित बालीहरू

नेपालका उच्च पहाडी कृषि उत्पादन प्रणालीमा कृषि जैविक विविधताको संरक्षण तथा प्रयोगलाई मूल प्रवाहीकरण गरी त्यस क्षेत्रको पर्यावरणीय समानुकूलन, पर्यावरणीय सेवा र लाभ तथा पहुँचको बाँडफाँडमा सुधार ल्याउनु यस परियोजनाको उद्देश्य रहेको छ ।

यस कार्यक्रममार्फत फापर (*Fagopyrum esculentum / F. tataricum*), चिसो सहनसक्ने धान (*Oryza sativa*), कोदो (*Eleusine coracana*), सिमी (*Phaseolus vulgaris*), लट्टे (*Amaranthus caudatus / A. hypochondrius*), उवा (*Hurdeum vulgure var. nudum*), चिनो (*Panicum miliaceum*) र कागुनो (*Setaria italica*) का स्थानीय जातहरूमा अध्ययन अनुसन्धान गर्दै बीउ तथा यी बालीहरूको व्यवस्थापन र प्रशोधनका प्रविधिहरूमा सुलभ पहुँच पुऱ्याउनु पनि यस परियोजनाको मुख्य उद्देश्य हो ।

## परियोजना स्थलको विवरण

हुम्ला जिल्लाको साविकको छिप्रा गा.वि.स.मा यो कार्यक्रम वि.सं. २०७०/२०७१ देखि सञ्चालित छ । हालै भएको राज्य पुर्नसंरचना अनुसार साविकको छिप्रा गा.वि.स. अहिलेको खार्पुनाथ गाउँपालिकाको वडा नं ४ मा पर्दछ । परियोजनाको साइट/फिल्ड अफिस छिप्रा वडा नं ४ मा रहेको छ । यो जिल्ला सदरमुकाम सिमीकोट बजारदेखि १२ किलोमिटर उत्तर-पूर्वमा रहेको छ । समुद्री सतहबाट २००० मिटरदेखि ४८०० मिटरसम्म फैलिएको यस, छिप्रा गाउँको कुल क्षेत्रफल ३३.४२ वर्ग किलोमिटर रहेको छ । कुल क्षेत्रफलको २५ % जमिन खेतीयोग्य छ भने ७५% वनजङ्गलले ओगटेको छ । न्युनतम -२८ डिग्रीदेखि अधिकतम २५ डिग्री औसत तापक्रम हुने यस क्षेत्रमा औसत ६८.३ मिलिमिटर वर्षा हुने गर्दछ ।

## लक्षित बालीको अवस्था

छिप्रा, हुम्लामा यस परियोजनाका आठै ओटा लक्षित बालीहरूको खेती प्रचलनमा छ । कोदो, चिनो र कागुनो यस क्षेत्रमा खेती गरिने मुख्य खाद्यान्न बालीहरू हुन् भने सिमी, फापर, उवा र लट्टे पनि मुख्य बालीका रूपमै खेती गरिन्छन् । हुम्लालगायतका कर्णाली क्षेत्रका जिल्लाहरूमा धानको खेती कमै हुने गर्दछ । छिप्रामा भने हुम्लाका अरू ठाउँमा भन्दा धान खेती बढी हुने गर्दछ । वि.सं. २०७१ मा परियोजनाले गरेको घरधुरी सर्वेक्षण अनुसार छिप्रामा कोदो ९३%, चिनो ८९%, सिमी ८८ %, उवा ८६ %, कागुनो ८७ %, लट्टे ८३ %, फापर ६० % र धान ५६ % घरधुरीले खेती गरेको पाइयो ।

छिप्रामा कोदो, फापर र उवा सबैभन्दा धेरै क्षेत्रफलमा लगाइने बालीमा पर्दछन् । घरधुरी सर्वेक्षण २०७१ अनुसार छिप्रामा कोदाको प्रतिघरधुरी औसत क्षेत्रफल १.१७ रोपनी छ भने फापर र उवाको ०.८८ रोपनी र धानको ०.८६ रोपनी रहेको छ । लट्टे धेरै घरधुरीले लगाए तापनि यसको खेती कम क्षेत्रफल हुने गरेको छ किनभने लट्टे विशेष गरी खेत र बारीको डिलडिलमा मात्र लगाउने चलन छ ।



जैविक विविधता कृषक पाठशालाअन्तर्गत उवाको प्लट अवलकोन गर्दै स्थानीय कृषकहरू । तस्विरः अच्युत अधिकारी

कोदो र कागुनो प्रायः अन्तरबालीका रूपमा खेती गरिन्छ भने सिमी जातीय मिश्रित बालीका रूपमा खेती गर्ने चलन छ । चिनो अलि भिरालो र सुक्खा जमीनमा खेती गर्ने गरिन्छ । हुम्लाजस्ता कर्णाली र हिमाली क्षेत्र जहाँ खडेरीजस्ता वातावरणीय समस्या छन्, त्यस्तो ठाउँको लागि यी बाली र यिनका स्थानीय जातको विशेष महत्व छ । यी बालीहरूले यस ठाउँको खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । यी बालीहरूको महत्व हुँदाहुँदै पनि जनचेतनाको अभाव, प्रविधि र गुणस्तरीय बीउमा कम पहुँचका कारणले पनि यी बालीको प्रवर्द्धन हुन सकेको छैन । नेपालको कृषि तथ्याङ्क २०११ (वि.सं २०६८) ले पनि यी बालीहरू विशेषगरी कोदो, जौ र फापरको क्षेत्रफल २००१ (वि.सं. २०५८) को तथ्याङ्कभन्दा क्रमशः १९%, ३५%, ४०% ले घटेको देखाउँछ । यी बालीहरूमा विशेष गरी कोदो, चिनोमा चुट्ने र फल्ने काम गाह्रो भई यी बालीको खेती कष्टकर रहेको कृषकहरूको भनाइ छ । साथसाथै विशेषगरी कर्णाली क्षेत्रका जिल्लाहरूमा नेपाल खाद्य संस्थानबाट चामल सुपथ मूल्यमा दिने कार्यक्रमको सुरूवातसँगै स्थानीय बाली जस्तै चिनो, कोदो र कागुनोको प्रयोग र खेतीमा पहिलाभन्दा कमी आएको स्थानीय कृषकहरूको भनाइ छ । साथै यी बालीहरूमा बाली सुधार र गुणस्तर बीउको उपलब्धता कमै हुनु र खेतीप्रणाली विशेष गरी चुट्ने र फल्ने प्रविधि परम्परागत हुनु र खाने बानीमा परिवर्तन पनि मुख्य समस्याका रूपमा रहेको छ ।

त्यसैले यस्ता स्थानीय बालीको संरक्षण र प्रवर्द्धनका लागि परियोजनाले पनि विभिन्न कार्यक्रम गर्दै आएको छ । विशेषगरी यी बालीका स्थानीय कृषि जैविक विविधताको संरक्षणका साथसाथै खेतीमा देखिने समस्याको समाधानका लागि प्रविधिको विकास, सहभागितामूलक बालीसुधार कार्यक्रम, सामुदायिक बीउ बैंक र बीउ उत्पादनमार्फत गुणस्तरीय बीउ उपलब्धता बढाउने, तथा यी बालीलाई बजारसँग जोडी कृषक समूहले आर्थिक लाभ लिने वातावरण बनाउनु रहेको छ । यी कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कृषक समुहको क्षमता अभिवृद्धि र कृषकको आवाजलाई विभिन्न फोरममा लैजाने पनि रहेको छ । परियोजनाले अहिलेसम्म सम्पन्न गरेको कार्य र पछिको योजनाको बारेमा यहाँ विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

## १. प्रजनन र प्रविधिमा विविधतायुक्त समाधानका उपायहरूलाई एकीकृत गर्ने प्रक्रियाहरूलाई मूल प्रवाहीकरण गर्ने

यस उद्देश्यअन्तर्गत विभिन्न अनुसन्धानमूलक कार्यक्रम/कृषि परीक्षण, लक्षित बालीको कृषि विविधता तथा ज्ञान अभिलेखीकरणजस्ता क्रियाकलाप गर्दिँदै आएका छन् । जैविक विविधताका प्रदर्शनी स्थल र उत्पादन कृषि परिक्षणमार्फत लक्षित बालीका स्थानीय जातहरूको परीक्षण सम्पन्न भइसकेको छ । परियोजनाको सुरूवातमा समूह छलफल र जैविक विविधताको प्रदर्शनी मेलामार्फत स्थानीय जातको तथ्याङ्क तथा बीउ सङ्कलन र पासपोर्ट डाटा भर्ने कार्य सम्पन्न गरिएको थियो । छिप्रामा लट्टे ३, जौ ३, फापर ३, सिमी १०, कोदो ७, कागुनो ४, उवा ५, चिनो ४ र धानका १४ जात पाइए । यी बालीका जातीय परीक्षणहरू १९०० देखि २९०० मिटरको उचाइमा राखिएका थिए ।

पहिलो वर्ष चारैवटा अनुसन्धान क्षेत्रबाट सङ्कलित स्थानीय जात तथा नार्क जीन बैङ्कमा सङ्कलित जातहरूका चारैवटा अनुसन्धान क्षेत्रमा विविधता ब्लक राखी आवश्यक तथ्याङ्क जस्तैः जातको चारित्रिक गुण, रोगकिरा सहने गुणको अध्ययन गर्ने काम सम्पन्न गरियो भने दोस्रो वर्ष उत्पादन परीक्षणमा राखियो । यी सबै परीक्षणमा कृषकहरूको सक्रिय संलग्नता रहेको छ । यी परीक्षणको नतिजाले अन्य ठाउँका केही जातबाहेक स्थानीय जात नै राम्रो देखाएको छ । साथै दुधे चिनोमा सहभागितामूलक बालीसुधार कार्यक्रम (Grassroot Breeding) सुरू गरिएको छ । परीक्षणबाट पहिचान भएका उपयुक्त जातहरूलाई प्रवर्धन गर्नका लागि परियोजनामार्फत कृषक समुदायको क्षमता अभिवृद्धि गरी राष्ट्रिय तहमा दर्ता वा सिफारिस गर्ने कार्यक्रम रहेको छ । साथसाथै परीक्षणमा राम्रो देखिएका जातहरूको बीउ-उत्पादन कार्य कृषकहरूको संलग्नतामा अघि बढाइएको छ । (नोटः लक्षित बालीमा गरिएको कृषि परीक्षण र बीउ-उत्पादनको विवरण 'परियोजनाको तथ्याङ्क' खण्डमा हेर्न सकिन्छ ।)

### २. वर्तमान अवस्थामा रहेको बीउ उत्पादन प्रणालीको अध्ययन गरी बीउको गुणस्तर र उपलब्धतामा सुधार ल्याउने

स्थानीय बाली, बीउ र त्यसको परम्परागत ज्ञानको संरक्षण तथा प्रवर्द्धन गरी कृषकहरूलाई गुणस्तरीय बीउको सुलभ उपलब्धता बढाउने उद्देश्यले छिप्रा, हुम्लामा २०७३ साल देखि कर्णाली कृषि सहकारी संस्था लिमिटेडको सक्रियतामा सामुदायिक बीउ बैंकको सुरूवात भएको छ । सुरूवातमा भौतिक संरचनामा भन्दा पनि सामुदायिक बीउ बैंकको महत्व बुझाउँदै यसको सञ्चालन र व्यवस्थापनमा क्षमता अभिवृद्धि गर्नेतर्फ ध्यान दिइएको छ । यसै सिलसिलामा सामुदायिक बीउ बैंक सुरू हुनु अगाडि सामुदायिक बीउ बैंक व्यवस्थापन अभिमुखीकरण कार्यक्रम र २०७४ सालमा, अग्यौली, नवलपरासीको सामुदायिक वीउ बैंक अवलोकन कार्यक्रम र व्यावसायिक योजना तर्जुमा तालिम सम्पन्न गरियो । आगामी दिनमा पनि आवश्यक प्राविधिक तालिम र आर्थिक सहयोग निरन्तर रहनेछ । हाल छिप्रा सामुदायिक बीउ बैंकमा २८ वटा स्थानीय बालीका ५५ जातहरू संरक्षित छन् जसमध्ये धान ५, कोदो ४, कागुनो , लट्टे ३ , फापर २, जौ १, उवा ४ र सिमीका ८ जात रहेको छन् । थप स्थानीय जातहरूको थपिने क्रम जारी छ ।

सामुदायिक बीउ बैंक सफल रूपमा सञ्चालनका लागि जिल्ला कृषि विकास कार्यालय, गाउँपालिका र अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्य जरूरी छ र त्यसका लागि सामुदायिक बीउ बैंक सञ्चालक समिति र सम्बन्धित कृषक समूहलाई सहयोग र सहजीकरण गरिँदै आइएको छ ।

### ३. कृषि जैविक विविधताको दिगो व्यवस्थापनका लागि भएका नीतिनियमहरूको अध्ययन गरी आवश्यकतानुसार नीतिगत छलफल तथा बहस-पैरवी गर्ने

कृषि जैविक विविधता संरक्षणमा बिद्यमान नीतिनियमहरूको अध्यन विश्लेषण गरी संरक्षक कृषक एवम् समुदायको भूमिकाको पहिचान र आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँड प्रक्रियासबन्धि अध्यनका लागि विभिन्न पहल हुँदै आएका छन् । जस्तै कृषकहरूलाई नीतिनियमहरूको अध्यनविश्लेषण र उनीहरूको क्षमता अभिवृद्धि गर्नका लागि राष्ट्रिय स्तरको तालिम, गोष्ठी तथा भ्रमण कार्यक्रममा सहभागी गराउने रहेको छ । यसमा विशेष गरी कृषि जैविक विविधताको पहुँच र दिगो व्यवस्थापनमा कृषक अधिकारको सुनिश्चतताका लागि बन्ने राष्ट्रिय नीतिनियम तर्जुमा गर्ने प्रक्रियामा कृषकहरूलाई सहभागिता गराई उनीहरूको क्षमता अभिवृद्धि गराउने यस परियोजनामार्फत् गरिने मुख्य पहल हुन् ।

## कृषि जैविक विविधता पाठशाला

परियोजनाले सञ्चालन गरेका विभिन्न कार्यक्रममध्ये कृषि जैविक विविधता पाठशाला पनि एक हो । कृषकहरूमा रहेको कृषि जैविक विविधतासम्बन्धी परम्परागत ज्ञानको महत्व बुझी त्यसको आदानप्रदान गर्न र कृषिसम्बन्धी सूचना तथा प्रविधिहरूमा सहज पहुँच पुऱ्याउने उद्देश्यले पाठशाला सञ्चालन भइरहेको छ । यो अगुवा, इच्छुक, र लगनशील कृषकहरूको खुल्ला स्थानीय समूह हो । स्थानीय स्तरमा कृषक तथा कृषक र कृषि प्राविधिकहरूका बीच कृषि जैविक विविधताका विविध विषयहरूमा छलफल, अभ्यास र सूचनाको आदानप्रदान हुने थलो हो यो ।

यस पाठशालामा कृषिका विविध विषयहरू जस्तैः खेतीप्रविधि, बीउ–उत्पादन र व्यवस्थापन, रोगकिरा व्यवस्थापन, कृषिप्रणालीमा जैविक विविधताको महत्व आदिका बारेमा औपचारिक तथा अनौपचारिक रूपमा ज्ञान तथा सीपहरू आदानप्रदान हुने गर्दछन् । यसमा सामूहिक छलफल, स्थलगत भ्रमण, तालिम तथा सिकाइका समेत हुने गर्दछन् । यस पाठशालामा स्थानीय कृषकहरूको आवश्यकता र इच्छा अनुसारका विषयवस्तुहरू समावेश गरिन्छन् । छलफलको प्रकृति हेरी आवश्यकता अनुसार दक्ष प्राविधिकहरू परियोजनाका तर्फबाट वा जिल्ला कृषि विकास कार्यालयको समन्वयमा उपलब्ध गराई आवश्यक परामर्श दिने गरिन्छ ।

## परियोजनाले काम गर्ने तौरतरिका

परियोजनाले सुरूदेखि नै कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने क्रममा स्थानीय र जिल्ला तहमा सरोकारवाला सरकारी निकायसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ । स्थानीय तहमा हुम्ला विकास पहल, ली–बर्ड ले स्थापना गरेको कर्णाली कृषि सहकारी संस्था लिमिटेडसँग मिलेर सामुदायिक बीउ बैंकले काम गर्दै आएको छ । जिल्ला तहमा सरकारी निकायहरू खास गरी जिल्ला कृषि विकास कार्यालय/कृषि सेवा केन्द्र, जिल्ला विकास समिति/गा.वि.स.सँग समन्वय गर्दै कार्यक्रमको प्रगतिविवरण तथा वार्षिक योजनाको जानकारी बिभिन्न कार्यक्रममार्फत दिंदै आएको छ । यस संस्थाले जिल्लाले आयोजना गर्ने विभिन्न कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै आएको छ । साथै कार्यक्रमहरू सञ्चालन गर्दा लैङ्गिक समता तथा सामाजिक समावेशीकरणलाइ प्राथमिकतामा राख्ने अभ्यास गरिएको छ ।

## परियोजनाको भावी योजना

परीक्षणबाट छनोट गरिएका जातहरूको बीउ–उत्पादन गरी सुहाउँदो हावापानी भएका ठाउँहरूमा फैलाउने योजना रहेको छ । यस प्रक्रियामा परियोजनामा आबद्ध समुदाय र स्थानीय गाउँपालिका तथा अन्य सहयोगी निकायहरूमार्फत सामुदायिक बीउ बैंकलाई सक्षम र सुदृढीकरण गर्दै लगिनेछ । पहिचान भएका उपयुक्त जातहरूको प्रवर्धन गर्नका लागि परियोजनामार्फत कृषक समुदायको क्षमता अभिवृद्धि गरी राष्ट्रिय तहमा दर्ता वा सिफारिस गर्ने योजना रहेको छ। साथसाथै यी बालीहरूको प्रवर्धनको लागि यसको मूल्य श्रृङ्खलामा पनि काम गर्नुपर्ने भएकाले यस क्षेत्रमा पनि स्थानीय कृषक समूह/अगुवा सरंक्षक कृषकहरूको सक्रियतामा कार्य सुरू गर्ने सोच परियोजनाले राखेको छ । यी कार्यहरूमा स्थानीय कृषक समूह र सहकारी, गाउँपालिका तथा जि.कृ.वि.का. सँग समन्वय तथा अन्य निकायहरूहरूसँग सहकार्य गरिनेछ ।

## परियोजनाका केही तथ्याङ्कहरू

कुल लाभान्वित घरधुरी (आ.व. २०७१/७२ देखि २०७३/७४)

| क्र.सं. | कार्यक्रम | आर्थिक वर्ष अनुसार प्रत्यक्ष लाभान्वित घरधुरी र व्यक्ति | | |
|---|---|---|---|---|
| | | आ.व. २०७१/२०७२ | आ.व. २०७२/२०७३ | आ.व. २०७३/२०७४ |
| १. | बीउ वितरण (आई.आर.डी.)* | - | ६२४ घरधुरी | ११०५ घरधुरी |
| २. | कृषि जैविक विविधता पाठशाला | - | ३२ व्यक्ति | ३४ व्यक्ति |
| ३. | कोदो चुट्ने मेसिन | - | - | ५० घरधुरी |
| ४. | बीउ उत्पादन (कृषक) | - | ८ व्यक्ति | १३ व्यक्ति |
| ५. | सामुदायिक बीउ बैंक व्यवस्थापन तालिम | - | - | ८ व्यक्ति |
| ६. | कृषक भ्रमण र व्यावसायिक योजना तर्जुमा तालिम | - | - | ३ व्यक्ति |
| ७ | बीउ उत्पादन तालिम | - | - | १३ व्यक्ति |

(*बीउ वितरण– आई.आर.डी.): वितरण गरिएको बीउ परियोजनाद्वारा उत्पादन गरिएको हो । जिल्ला कृषि कार्यालयको सहयोग तथा समन्वयमा परियोजनाबाट उत्पादन गरिएका रैथाने बीउबिजन छिमेकी गा.वि.स.मा पनि वितरण गरिएको थियो । )

## कृषि परीक्षण

पहिलो वर्ष २०७२ को जैविक विविधता प्रदर्शनी स्थल

| क्र.सं. | बाली | जात सङ्ख्या | नतिजा/कैफियत |
|---|---|---|---|
| १ | धान | ४४ | छोम्रोङ र चन्दननाथ ३, जस्ता जातहरू राम्रा देखिए । |
| २ | कोदो | २४ | परिक्षण सफल हुन सकेन । |
| ३ | कागुनो | १७ | परिक्षण सफल हुन सकेन । |
| ४ | चिनो | २१ | कप्टाडे, दुधे, रातो चिनोका जातहरू राम्रा देखिए । दुधेचिनोको Grassroots breeding को काम हुँदैछ । |
| ५ | उवा | २० | जीन बैङ्कका कलेक्सन ACC 1589 र स्थानीय लोकल राम्रो देखियो । |
| ६ | सिमी | ३३ | स्थानीय लोकल जात हुम्ला कालो माले राम्रो देखियो । |
| ७ | फापर | १८ | स्थानीय लोकल जात हुम्ला तीते फापर राम्रो देखियो । |
| ८ | लट्टे | २३ | जीन बैङ्कका कलेक्सनहरू NGRC 05176, NGRC 05179, NGRC 05186, NGRC 05187 जातहरू नै राम्रा देखिए । |
| दोसो वर्ष २०७३ को उत्पादन परिक्षण | | | |
| १ | उवा | ८ | जीन बैङ्कका कलेक्सन ACC 1589 र स्थानीयको काम अघि बढाइएको । |
| २ | कागुनो | ८ | कालो, C1896 (जुम्ला) र C56449 (लम्जुङ) काम अघि बढाइएको । |
| ३ | कोदो | ८ | कालो कोदाको काम अघि बढाइएको । |
| ४ | धान | ८ | लेकाली-३, कालीमार्सी, छोम्रोङ र चन्दनाथ-३ को काम अघि बढाइएको । |
| ५ | फापर | ८ | स्थानीय जातको तीते फापर र C04884 (NAGRC) को काम अघि बढाइएको । |
| दोसो वर्ष २०७३ को उत्पादन परिक्षण | | | |
| १ | उवा | १९ | जीन बैङ्कका कलेक्सन ACC 1589 र स्थानीय जात नै राम्रा देखिए । |

## परीक्षणबाट छनोट भएका जातहरूको बीउ उत्पादन योजना (आ.व. २०७४/७५)

| बाली | जात सङ्ख्या | लक्षित परिमाण (के.जी.) | संलग्न घरधुरी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| धान | ७ | ६२० | ९ | यी सबै बाली तथा जातहरूलाई आगामी बर्ष आई.आर.डी.को रूपमा वितरण गरी प्रतिक्रिया सङ्कलन गरिने कार्यक्रम रहेको छ । |
| कागुनो | ५ | २४५ | १६ | |
| सिमी | २ | २५० | १० | |
| लट्टे | २ | १०० | ४ | |
| फापर | ४ | २४० | ४ | |

## थप जानकारीका लागि सम्पर्क


**फिल्ड अफिस: स्थानीय बाली परियोजना**

सिमीकोट गाउँपालिका ४, हुम्ला

**सम्पर्क व्यक्ति:** सरोज पन्त, परियोजना अधिकृत, ली-बर्ड

मोबाइल नं.: ९८४६५२८०९३

इमेल : saroj.pant@libird.org

वेब: www.himalayancrops.org | www.libird.org



**प्रस्तुति** सरोज पन्त र रिता गुरूङ, ली-बर्ड

**फोटोहरू** आवरण: सजल स्थापित,
ली-बर्ड फोटो बैंक (नाम उल्लेख नभएका जति)

**डिजाइन** ग्रोइनोभा


